# निजामती सेवा राष्ट्रिय तालीम नीति, २०५८

१. <u>परिचय</u>

निजामती सेवामा रहेका कर्मचारीहरुको ज्ञान, सीप, दक्षता, एवं क्षमता अभिवृद्धि गरी उनीहरुमा धारणात्मक परिवर्तन ल्याउने एक सशक्त माध्यम तालीम हो । यसले कर्मचारीहरुको कार्य क्षमताको विकासका साथै आजको बदलिदो परिस्थिति र प्रविधि अनुरुप निजामती सेवालाई अझ वढी सवल, दक्ष, उत्पादनशील, मितव्ययी र स्तरीय वनाई जनातालाई प्रदान गर्ने सेवा सुविधालार्य समयानुकूल सरल, सक्षम र प्रभावकारी वरुपवाट प्रदान गनृमा समेत सहयोग पुऱ्याउंदछ । यसरी संगठन र कर्मचारीहरु दुवैका लागि तालीमको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

श्री ५ को सरकारले नतिजामूखी प्रशासनमा जोड दिदै आएको परिप्रेक्षमा निजामती सेवा भित्र तालीमलाई अझ वढी प्रभावकारी, व्यवहारिक र समय सापेक्ष वनाउनु पर्ने खांचो ामहसुश गरिएको छ । साथै सार्वजनिक प्रशासनको क्षेत्रमा आएको नवीनतम अवाधारणाहरुलाई आत्मसात गर्दै निजामती जनशक्तिलाई वढी नतिजामूलक र उत्पादनशील ढङ्गबाट परिचाल गर्न तालीम पनि एउटा उपयुक्त माध्यमको रुपमा देखा परेको छ । बदलिंदो आर्थिक, सामाजिक र राजनैतिक परिवर्तन संग संगै प्रशासनिक संयन्त्रको कार्यशैलीमा पनि सोही अनुरुप परिवर्तन ल्याउन र तालीम व्यवस्थालाई आधुनिकीकरण गर्न विद्यमान निजामतीकर्मचारी तालीम नीति, २०४६ लाई समय सापेक्ष वनाइ यसलाई परिमार्जन गरी निजामती सेवा राष्ट्रिय तालीम नीति, २०५८ तयार गरिएको छ ।

२. <u>निजामती तालीम कार्यक्रमको वर्तमान स्थिति</u>

हाल श्री ५ को सरकारका चौध वटा तालीम कन्द्रहरुका अतिरिक्त, अन्य क्षेत्रगत तालीम केन्द्रहरुवाट समेत विभिन्न प्रकारका तालीम कार्यक्रमरु संञ्चालन गरिदै आएको छ । साथै वैदेशिक छात्रवृत्ति एवं वैदेशिक सहायतावाट सञ्चालित कार्यक्रम अन्तर्गतवाट समेत तालीम प्रदान गरिदै आएको छ । तालीम केन्द्रहरुबाट प्रदान गरिदै आएका तालीम कार्यक्रमहरु आवश्यकताको अनुपातमा प्रयाप्त देखिदैनन् । उक्त तालीमहरु प्रायशःकेनद्रमा नै सीमित हुने गरेको, व्यवहारिक पक्षमा भन्दा सैद्धान्तिक पक्षमा वढी जोड दिने गरिएको, आवश्यकताको पहिचान नगरी तालीम प्रदान गरिने हुंदा तालीमको उचित उपयोग हुन नसकेको साथै तालीम कार्यक्रम सञ्चालन गर्न बजेट तथा पर्याप्त स्रोत र साधन उपलव्ध हुन नसकेको देखिन्छ । निजामती सेवा भित्र मानवस्रोत विकास योजना हालसम्म पनि तर्जुमा हुन नसकेको हुंदा तालीमलाई कार्य सम्पादन र वृत्ति विकाससंग आवद्ध गर्न सकिएको छैन । यसका साथै कार्य विवरण योजना व्यवहारमा प्रभावकारी रुपमा लागू हुन नसकेको हुंदा तालीम आवश्यकता पहिचान गर्न समेत कठिनाई परिरहेको छ ।

यसै गरी तालीम प्रविधि आधुनिक हुन नसकेको, सामाग्रीहरु पर्याप्त नभएको र दक्ष प्रशिक्षकहरुलाई तालीम संस्थाहरुमा राखी राख्न (Retain) नसकिएको, तालीम केन्द्रंहमा पेशाविद् जनशक्तिको व्यवस्था हुन नसकेको तथा तालीम केन्द्रहरुको भौतिक पूर्वाधारमा कमी रहेको देखिन्छ । यसको अलावा वैदेशिक तालीम पनि दातृ संस्थावाट निर्देशित (Donor Driven) रहेको हुंदा तालीमलाई वृत्ति विकासको अभिन्न अङ्गको रुपमा स्वीकारिनु भन्दा पनि अवसरको रुपमा मात्र लिने परम्पराको विकास हुन पुगेको देखिन्छ । यसै गरी विभिन्न तालीम संस्थाहरुवाट सञ्चालित तालीम कार्यक्रमहरुको नियमित अनुगमन, समन्यव र मूल्याङ्कन समेत गरिनु पर्ने आवश्यकता टड्कारो देखिन्छ ।

३. <u>तालीमको उद्देश्य</u>

क) कर्मचारीहरुको ज्ञान, सीप, दक्षता र क्षमतामा अभिवृद्धि गर्नुको साथै उनीहरुको मनोवृत्तिमा सकरात्मक परिवर्तन ल्याई निजामती सेवालाई सवल, सक्षम, सुदृढ, गतिशील वनाई नतिजामूखी बनाउने ।

ख)	कर्मचारीहरुको पेशागत विशिष्टता र प्रतिस्पर्धात्मक क्षमताको विकास गराउने ।

ग)	विश्वको बदलिंदो परिस्थिति तथा विकासका नयां चुनौतीहरु अनुरुप व्यवस्थापन गर्न कर्मचारीहरुलाइई सक्षम वनाउने ।

घ)	विशव वातावरणको चिनारी एवं नयां प्रविधि र आविष्कारको जानकारी गराउने ।

४. <u>लक्ष्य</u>

सार्वजनिक प्रशासनको क्षेत्रमा आएका नवीनतम अवधाराणाहरु ग्रहण गर्दै निजामती सेवालाई उत्पादनशील, दक्ष एवं नतिजामूखी वनाइ विकासका वर्तमान चुर्नातीहरुलाई सामाना गर्न सक्ने व्यवस्थापकीय क्षमताको विकास गर्न सक्ने व्यवस्थापकीय क्षमताको विकास गर्न योगदान पुऱ्याउने।

५. <u>नीतिहरु</u>

क)	राष्ट्रिय मानवस्रोत विकास परिषद्को गठन नभएसम्म निजामती सेवा ऐन, २०४९ को दफा ४० ख (३) बमोजिमको समितिले तालीमकार्यक्रमहरुको समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ ।

ख)	तालीमलाई वृत्ति विकाससंग आवद्ध गरी पेशागत सीप विकासको पक्षमा जोड दिइनेकछ । साथै जनशक्तिको प्रक्षेपण गर्ने व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

ग)	विभिन्न पद र तहका निजामती कर्मचारीहरुको लागि उनीहरुको कार्य विवरण एवं आवश्यकता अनुसार आधारभूत तालीमको व्यवस्था गरिदै लगिनेछ ।

घ)	मौजुदा तालीम संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गर्दै उनीहरुको संस्थागत विकासमा जोड दिदै उनीहरुले प्रदान गर्ने तालीमको संख्यात्मक एवं गुणात्मक क्षमतामा वृद्धि गरिनेछ । साथै तालीम स.स्थामा संलग्न प्रशिक्षकहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न समयानुकूल स्वदेशी तथा विदेशी अवसर प्रदान गरिनेछ ।

ङ)	निजामती सेवाको सुधारका लागि जनशक्ति विकास योजना तर्जुमा गरिनेछ । हरेक मन्त्रालयबाट मानवस्रोत विकास योजना र वृत्ति विकास योजना तयार गर्न लगाई मन्त्रालयमा मुख्य कामसंग सम्बन्धित विशेषज्ञताको विकास गरिनेछ ।

च)	तालीममा संलग्न हुने प्रशिक्षकहरुको योग्यता र स्तर निर्धारण गरी उनीहरुलाई तालीम प्रति आकर्षण गर्ने व्यवस्था गरिनेछ ।

छ)	विभिन्न मन्त्रालय/निकायहरु अन्तर्गत रहेका तालीम स.स्थाहरुको प्रत्येक वर्ष तत् तत् मन्त्रालयहरुले आफ्ना क्षेत्रगत तालीम संस्थाहरुको मूल्याङ्कन गरी सोही आधारमा आवश्यकता अनुरुप तालीम संस्थाहरुलाई सुदृढ गर्दै लगिनेछ । साथै प्रत्येक तीन वर्षमा सामान्य प्रशासन मन्त्रालयले, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरु संलग्न मूल्याङ्कन टोलीबाट त्यस्ता तालीम संस्थाहरुको मूल्याङ्कन गराइनेछ ।

ज)	तालीम विशेषज्ञहरु सम्मिलित एक समिति गठन गरी तालीमको पाठ्यक्रम, प्रविधि, प्रक्रिया जस्ता विषयमा सुधार तथा समन्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

झ)	निजामती कर्मचारीहरुको पदस्थापना र सरुवा निजले लिएको तालीमको सदुपयोग हुने गरी गरिनेछ ।

ञ)	वर्तमान परिप्रेक्ष्यमा सूचना प्रविधिको महत्वलाई हृदयंगम गरी सो सम्वन्धी विषयमा तालीम दिन मौजुदा तालीम स.स्थाहरुबाट पनि स्तरीय सूचना प्रविधि सम्वन्धी तालीम दिने व्यवस्था मिलाइनेछ ।

ट)	लामो अवधिको तालीमको साथ साथै कर्मचारीहरुको सेवा र कार्य प्रकृतिसंग मिल्दो उद्देश्यमूलक छोटो छोटो प्रकारका तालीम सञ्चालनमा जोड दिइनेछ ।

ठ)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई व्यवस्थापन विकास केन्द्र (Management Development Centre) को रुपमा विकास गरिनकेछ ।

ड)	प्रशासन सुधार आयोग, २०४८ को प्रतिवेदनले सिफारिश गरे अनुसार प्रत्येक मन्त्रालय/विभाग/निकायहरुले कर्मचारी प्रंशिक्षणको लागि विनियोजित तलव भत्ताको कम्तिमा ५(पांच) प्रतिशत रकम जनशक्ति विकास मा छुट्याइने व्यवस्था मिलाइनेछ ।

ढ)	तालीममा आधुनिक प्रशिक्षण प्रविधिको प्रयोग गरिनेछर तालीम सम्वन्धी अनुसन्धानमा जोडा दिइनेछ ।

ण) आधारभूत प्रशासनिक प्रशिक्षण (Basic Administrative Training) तालीमलाई सुदृढ गर्दै भविष्यमा यसको अवधि १ (एक) वर्ष पुऱ्याइनेछ ।

त) निजामती सेवाका राजपत्र अनङ्कित कर्मचारीहरुका लागि क्षेत्रीयस्तर एकीकृत रुपमा प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ ।

थ) मौजुदा तालीम संस्थाहरुको अतिरिक्त विभिन्न मन्त्रालयहरुको कार्य प्रकृति अनुसार आवश्यक ज्ञान र सीप प्रदान गर्न मन्त्रालयहरुमा आवश्यकता अनुसार त्यस्ता विषयहरु समावेश गरी तालीम प्रदान गरिदै लगिने नीति लिइनेछ ।

द) पेशाविद् प्रशिक्षण जनशक्तिमा निश्चित प्रतिशत श्री ५ को सरकार लगायत सम्वद्ध क्षेत्रबाटा समेत अनिवार्य रुपमा ल्याई तालीम कार्यक्रम सञ्चालन गर्नु पर्ने हुंदा तालीम संस्थाहरुले बजारमा उपलब्ध विज्ञहरुको रोष्टर राखिनेछ र सोही आधारमा उनीहरुलाई स्रोत व्यक्तिको रुपमा प्रयोगमा ल्याइनेछ ।

ध) नेपाल प्रशासन सेवा अन्तर्गतका रा.प.तृ. श्रेणीका अधिकृतहरुको लागि लोकसेवा आयोगद्धारा परीक्षा लिई सिफारिश गरेको सूचीका उम्मेदवारहरुलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रष्ठिानबाट सेवा प्रवेश तालीम (आधारभूत प्रशासनिक प्रशिक्षण) दिएपछि सो समेतको आधारमा अन्तिम योग्यताक्रमको सिफारिश लोकसेवा आयोगबाट गिरिने व्यवस्था क्रमशःमिलाइनेछ । यसो गर्दा तालीमको परीक्षा सञ्चालन मूल्याङ्कन लोकसेवा आयोागले स्वतन्त्र रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

न) तालीमको अवसर केन्द्र र जिल्लामा कार्यरत कर्मचारीहरुको लागि समानुपातिक रुपले प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

प) पदोन्नतिको लागि कम्तिमा १ महिनाको तालीम अनिवार्य गर्ने व्यवस्थालागू गरिनेछ ।

फ) आवधिक योजनाले इंगित गरे अनुरुप सीपमूलक तालीम प्रदान गर्ने संस्थाहरुलाई साधन सम्पन्न तुल्याई क्षमतामा वृद्धि गर्नुको साथै तालीमको गुणस्तर यकिन गर्न यसको प्रमाणिकरण (Accreditation) एउटै संस्थाबाट हुने उपयुक्त व्यवस्था मिलाइनेछ ।

ब) नेपालमा उपलब्ध नहुने विषयका सम्बन्धमा वैदेशिक छात्रवृत्तिलाई हाम्रो आवश्यकता अनुसार वनाईनेछ ।

भ) तालीममा महिला सहभागितालाई अभिवृद्धि गर्न जोड दिइनेछ ।

म) खुल्ला प्रतियोगिताबाट निजामती सेवामा प्रवेश गर्ने रा.प.द्धितीय श्रेणी तथा रा.प.प्रथम श्रेणीका अधिकृतहरुलाई आवश्यकता अनुसार सेवा, समूहसंग सम्वन्धित स्वदेशी तथा विदेशी प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

य) विद्यमान तालीम केनद्रहरुबीच अन्तर समन्वय कायम गर्दै तालीम सञ्चालन गर्दा आफ्ना प्रशिक्षार्थीँहरुलाई विषयवस्तु हेरी तालीम अवाधिभर आवश्यकता परे एक अर्काको तालीम केन्द्रमा खास विषयका लागि तालीम दिन पठाइनेछ ।

## ६. तालीम कार्यक्रम

निजामती सेवामा कार्यरत कर्मचारीहरुका लागि निम्नानुसारको तालीम कार्यक्रम सञ्चालन गरिनेछ :

६.१ सेवा प्रवेश तालीम
६.२ सेवाकालीत तालीम
६.३ विशेष तालीम
६.४ पुनर्ताजगी तालीम

### ६.१ सेवा प्रवेश तालीम

क) लोकसेवा आयोगबाट राजपत्राङ्कित तृतीय श्रेणीको पदमा नियुक्तिको लागि सिफारिस गरिएका उम्मेदवारहरुलाई कुनै सरकारी निकायमा पदस्थापना गर्नु अघि सम्वन्धित सेवा समूहसंग मिल्ने विषयको सेवा प्रवेश तालीम दिइनेछ ।

ख) राजपत्र अनङ्कित प्रथम र द्धितीय श्रेणीका कर्मचारीहरुलाई लोकसेवा आयोगबाट सिफारिस भएको सामान्यतः१ (एक) वर्ष भित्र अनिवार्य सेवा प्रवेश तालीम दिइने व्यवस्था मिलाइनेछ।

६.२ <u>सेवाकालीन तालीम</u>

क) सेवाकालीन तालीम अन्तर्गत प्रशासन सेवाका विभिन्न तहमा रहेका निम्न अधिकृतहरुलाई कार्य क्षमता वृद्धि गर्न र वढी जिम्मेवारी लिन सक्षम वनाउने हेतुले वढुवाको प्रष्ठिानद्धारा कम्तिमा १ (क) महिनाको सेवाकालीन तालीम प्रदान गरिनेछ ।

१) रा.प.तृतीय श्रेणीका कर्मचारीहरु
२) रा.प.द्धि.श्रेणीका उप-सचिव स्तरका कर्मचारहिरु
३) रा.प.प्रथम श्रेणीका सह-सचिव स्तरका कर्मचारीहरु

ख) निजामती सेवा भित्र कार्यरत राजपत्राङ्कित प्राविधिक कर्मचारीहरुलाई अनिवार्य रुपमा सेवाकालीन तालीम दिइने व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउनेछ । यसको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायत अन्य तालीम केन्द्रको भौतिक सुविधा उपभोग गर्न समन्वय गरिनेछ ।

ग) महानिर्देशक रविभागीय प्रमुखको रुपमा जिम्मेवारी लिएर काम गर्नु पर्ने प्रत्येक पदको निमित्त १ (एक) देखि २ (दुई) हप्तासम्मको उपयुक्त तालीम प्रदान गरिनेछ । यस्तो तालीम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्नेछ ।

घ) जिल्ला स्थित कार्यालय प्रमुखहरुको निमित्त कार्यालय प्रमुखको जिम्मेवारीको लागि आवश्यक पर्ने तालीम सम्बन्धित मन्त्रालयले दिने व्यवस्था मिलाउनेछ ।

ङ) निजामती सेवामा कार्यरत प्राविधिक तथा अप्राविधिक राजपत्र अनङ्कित कर्मचारीहरुको लागि सेवाकालीन तालीम प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

६.३ विशेष तालीम ३ (तीन) प्रकारका हुने छन्:

क) विशेष स.स्थामूलक तालीम (Institution Specific Training)
ख) विषयमूलक तालीम (Subject Specific Training) र
ग) समस्यामूलक तालीम (Problem Specific Training)

(क) <u>विशेष संस्थामूलक तालीम</u>

कुनै संस्था -मन्त्रालय/निकाय) को कार्य क्षेत्र एवं कार्य प्रकृतिको पद अनुसारको जिम्मेवारी सम्हाल्न आवश्यक पर्ने ज्ञान, सीप र धारणात्मक परिवर्तन प्रदान गर्न यस प्रकारको तालीम प्रदान गरिनेछ ।

(ख) <u>विषयमूलक तालीम</u>

विभिन्न निकायहरुको खास कुनै पद वा क्षेत्रमा काम गर्नु पर्ने अधिकृतहरुको लागि उपयुक्त हुने विषयमा यस प्रकारको तालीम प्रदान गरिनेछ । योजनामा संलग्न कर्मचारीहरुको निमित्त आयोजनामूलक विषयहरु जस्तै प्रोजेकट फर्मूलेशन, प्रोजेक्ट एप्राइजल, प्रोजेक्ट म्यानेज्मेन्ट टेकनीक् इत्यादि योजना क्षेत्रको लागि योजना तर्जुमा मूल्याङ्कन सम्वन्धी कार्यक्रम सञ्चालन हुनेछन् ।

(ग) <u>समस्यामूलक तालीम</u>

खास कुनै क्षेत्रमा देखा पर्ने समस्याहरुलाई केन्दीत गरी ती समस्याहरुको समाधान तर्फ उपयुक्त ज्ञान र सीप प्रदान गर्ने गरी समस्यामूलक तालीम सञ्चालन गरिनेछ ।

६.४ <u>श्री ५ को सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीका लागि गोष्ठी:</u>

श्री ५ को सरकारका सचिव तथा अन्य विशिष्ट श्रेणीका पदाधिकारीका लागि प्रत्येक वर्ष समसामयिक विषयमा गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालन गरिनेछ ।

६.५. पुनर्ताजगी तालीम

तालीम आवशयकता पाहिचान गरेर आवश्यकता अनुसार पुनर्ताजगी तालीम दिने व्यवस्था मिलाइनेछ ।

६.६ पाठ्यक्रम

तालीम संस्थाहरुबाट प्रदान गर्दै आइरहेको तालीम कार्यक्रमको पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गर्दै लैजान आवश्यक भएको हुंदा पाठ्यक्रमको समीक्षा गरी त्यसको पुनरावलोकन गर्न सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोग, राष्ट्रिय योजना आयोग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र सम्वन्धित तालीम संस्था मिलेर गरिने छ । साथै पाठ्यक्रम विज्ञहरुको रोष्टर तयार गरी उनीहरुबाट नियमित रुपमा पृष्ठपोषण लिई तालीम पाठ्यक्रमलाई आवश्यकतानुसार परिमार्जन गर्दै लगिनेछ ।

७. अनुगमन र मूल्याङ्कन

क) तालीमको गुणस्तर र प्रयोजन सार्थकता सम्वन्धमा यसको प्रभावकारिताको मूल्याङ्कन गरिने व्यवस्था मिलाइनेछ ।
ख) प्रशिक्षार्थीले स्तरीय रुपमा लिएको छ कि छैन र सामूहिक सुधार गर्नु पर्ने कुरा तालीमको अन्तमा नै सम्बन्धित संस्थाले मूल्याङ्कन गर्ने परिपाटी वसालिने छ ।
ग) तालीम प्राप्त व्यक्तिको क्षमता विकास भएको छ कि छैन र यसको उद्देश्य अनुकूल भएको छ कि छैन भन्ने सम्वन्धमा प्रत्येक २(दूई) वर्षमा तालीमको मूल्याङ्कन गरिने व्यवस्था मिलाईने छ ।
घ) तालीमको प्रभावकारिताको मूल्याङ्कन गर्दा यसको तौर तरिका र मूल्याङ्कनको नतिजा सामान्य प्रशासन मन्त्रालयमा पठाइनेछ र प्रत्येक ५ (पांच) वर्षमा तालीम नीति र संस्थाहरुको प्रभावकारिता सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयबाट मूल्याङ्कन गरिनेछ ।
ङ) तालीम संस्थाहरुले नीजी क्षेत्रलाई प्रदान गरिने तालीमको प्रभावकारिता मूल्याङ्कन गरिनेछ ।
च) प्रत्येक तीन/तीन वर्षमा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयले मिलेर तालीम केन्द्रहरुको मूल्याङ्कन गर्नु पर्नेछ ।

८. तालीम समन्वय तथा संस्थागत विकास

क) श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालयले तालीम समन्वय गर्ने केन्दीय निकाय (Focal Point) को रुपमा कार्य गर्नेछ ।
ख) निजामती कर्मचारीलाई दिईने तालीम सम्वन्धी सिद्धान्त तथा पाठ्यक्रम सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत नभै सञ्चालन गरिने छैन ।
ग) दोहोरो रुपमा चलेको तालीम कार्यक्रमहरुमा नियन्त्रण गरिनेछ ।
घ) तालीम केन्द्रहरुको आवश्यक जनशक्ति, भौतिक सुविधा वएवं स्तरीयताको मूल्याङ्कन गरिनेछ ।
ङ) पाठ्यक्रमको आधारमा विभिन्न तालीम कार्यक्रमको बीचमा समन्वय कायम गरिनेछ ।
च) तालीम संस्थामा कार्यरत प्रशिक्षकहरुको क्षमता अभिवृद्धिका लागि वैदेशिक छात्रवृत्ति माग गर्ने र प्राप्त हुन आएका छात्रवृत्तिमा आवश्यकतानुसार संस्थामा कार्यरत प्रशिक्षकहरुलाई पठाइने व्यवस्था मिलाईनेछ ।
छ) तालीम दिने संस्थाहरुलाई प्रभावकारी बनाउने सम्वन्धमा तालीम प्रमुखहरु सम्मिलित भएको वैठक कम्तिमा वर्षको २ (दुई) पटक सामान्य प्रशासन मन्त्रालयले आयोजन गर्नेछ ।
ज) तालीम प्रविधिको विकास गर्ने, नयां प्रविधिहरुको आदान प्रदान गर्ने, तालीम समस्याहरुको निराकरण गर्ने, प्रशिक्षण सीप विकास गर्ने सम्वन्धमा वर्षको एक पटक नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले कार्यशाला गोष्ठीको आयोजन गर्नेछ ।

९. <u>प्रशिक्षकको योग्यता</u>

क) सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि भएको ।

ख) सम्वन्धित विषयमा स्नातक उपाधि लिई तालीम प्राप्त गरेको वा ५ (पांच) वर्षको कार्य अनुभव भएको ।

ग) प्राविधिक सहायक स्तरको लागि सम्वन्धित विषयमा स्नातक भएको र कम्तिमा ३ (तीन) वर्षको अनुभव भएको वा प्रमाण पत्र स्तरको सम्वन्धित विषयको शैक्षिक योग्यता भै स्वीकृत संस्थावाट तालीम प्राप्त गरेको र ५ (पांच) वर्षको अनुभव भएको ।

घ) पूर्ण समय कार्य गर्ने प्रशिक्षकलाई एक वर्ष भित्रमा प्रशिषक तालीम दिइनेछ ।

१०. <u>वैदेशिक तालीम</u>

क) श्री ५ को सरकारलाई विभिन्न मित्र राष्ट्र तथा दातृ संस्थाहरुवाट प्राप्त हुने वैदेशिक छात्रवृत्ति आवश्यकता अनुसारका विषयहरुमा वढी सख्यामा उपलव्ध गराउन प्रयास गरिनेछ । वैदेशिक तालीमको सदुपयोग गर्ने हेतुले सम्वन्धित विषयमा तालीम हासिल गरी आएका कर्मचारीहरुलाई सोही अनुसारको कार्य प्रकृतिसंग मिल्दो क्षेत्रमा पदस्थापना गरिनेछ।

ख) स्वदेशमै हुन सक्ने तालीमको विषयमा सामान्यतः वैदेशिक ऋृण सहयोग नलिने र लिए पनि स्वदेशकै तालीम संस्थावाट तालीम दिने व्यवस्था मिलाइनेछ ।